नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**छात्रवृत्ति शाखा**

सानोठिमी, भक्तपुर

**प्रकाशित मितिः २०८२/०८/११**

| |
|---|
| काठमाण्डौं फरेष्ट्री कलेजमा विएस्सी फरेष्ट्री **(B.Sc.Forestry)** विषयको छात्रवृत्तिमा निःशुल्क अध्ययनका लागि दरखास्त माग गरिएको सम्बन्धी जरुरी सूचनाः |

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा शाखाको च.नं.५९६५/०८२/८३, मिति २०८२।०७।१९ को प्राप्त पत्रानुसार नेपाल सरकारलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त काठमाण्डौं फरेष्ट्री कलेजमा शैक्षिक वर्ष २०८२-०८६ सालको लागि स्नातक तहको **BSc Forestry** विषयमा छात्रवृत्तिमा अध्ययनका लागि ५ (पाँच) जना विद्यार्थीहरु साधारण तथा समूहगत रूपमा सिफारिस तथा मनोनयन गर्नुपर्ने भएकाले छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (संशोधन सहित) अनुसार योग्यताक्रम कायम एवम् मनोनयन गर्ने प्रयोजनार्थ देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट तपसिल बमोजिमका कागजातसहित दरखास्त आह्वान गरिएको छ ।

१) दरखास्तका लागि आवश्यक न्यूनतम योग्यता :

क) त्रिवि अन्तर्गत बनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८२ सालमा सञ्चालन गरेको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट :

(१) साधारण समूहमा ३ सिट

(२) आरक्षण समूहः महिला १ सिट र जनजाति १ सिट

२) दरखास्त दिने म्यादः मिति २०८२ साल मंसिर ११ गतेदेखि २०८२ साल मंसिर १७ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखा, सानोठिमी, भक्तपुर (साविक दूर शिक्षा केन्द्र) मा दरखास्त दिन सकिने छ । दरखास्तको नमुना यसै साथ संलग्न छ ।

३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:

- पूर्ण रूपमा भरिएको आवेदन फाराम,
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
- त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८२ सालमा सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर, Rank / Merit, विषय,
- १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript को प्रतिलिपि,
- SEE/SLC परीक्षाको मार्कसिटको प्रतिलिपि,
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए नेपालको सम्बन्धित बोर्डबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको प्रतिलिपि,
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम, थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति हो भन्ने व्यहोराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि,

- ❖ जनजातिको सिफारिस : आदिवासी, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिस पत्र,
- ❖ आरक्षणका लागि माग गरिएको कुनै पनि कागजात दरखास्तसाथ समावेश नभएमा आरक्षण तर्फको दरखास्त अस्वीकृत भई स्वतः साधारणतर्फ मात्र कायम हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । शर्त बन्देज राखी कुनै पनि दरखास्त दर्ता गरिने छैन ।

५. योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले २०८२ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज, प्रमाण समेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ०१-६६३५४४२ मा फोन गरी जानकारी लिन सकिने छ ।*

दर्ता नं
मिति

फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सानोठिमी, भक्तपुर ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०८२/०८/११ मा प्रकाशित सूचना अनुसार BSc. Forestry विषयको स्नातक तहमा नि:शुल्क छात्रवृत्तिमा अध्ययन गर्न योग्य भएको त्रिवि अन्तर्गत वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८२ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालय
नम्बर:

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपालीमा | | | | नेपालीमा | | |
| in English | | | | in English | | |

**आवेदन गरेको समूह (टिक लगाउनुहोस् ।**

| क.स. | समूह | (√) चिह्न दिनुहोस् | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|
| १ | साधारण | | | |
| २ | महिला | | | |
| ३ | जनजाति | | | |

निवेदक : नाम,थर : .............................................................. Name In English : .......................................................

जन्म मिति विक्रम संवत् : .......................................................... इस्वी संवत् : ................................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : ..........................................

इमेल : ..........................

अभिभावकको नाम, थर :................................................. सम्पर्क फोन नं/मोवाइल नं. : .......................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ, झुट्टा ठहरे कानुन वमोजिम सहुँला, बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिमको मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत.................................

मिति................................